# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १०/०८०/०८१ मितिः२०८०/०८/११

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | अनुपस्थित |
| सचिव,नि. प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | - |

**बैठक संख्या ११/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०८/११**

मिति २०८० साल मंसिर ११ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **बोलपत्र स्विकृति तथा पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाका बिरिङ्ग, टाङ्टिङ्ग, ठूलो नेते तथा सुखानी खोलाबाट स्वीकृत आइइइ प्रतिवेदन बमोजिम नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि बोलपत्र आह्वान गरी मिति २०८०/०७/२४ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार मिति २०८०/०८/०३ गते प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र प्रस्तावहरुको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई तोकिएका शर्तहरु पुरा भई अधिक रकम कबोल गर्ने प्रस्तावकको बोलपत्र प्रस्ताव स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा यस अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि,२०७५ बमोजिम देहाय बमोजिम बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम कबोल रकम(रु) भ्याट बाहेक | ठेकेदारको नाम | कबोल रकम (रु) |
|---|---|---|---|---|---|
| १ | AM/IR/02/08081 | बिरिङ्ग नदीबाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री | १५३६९५६१.०८ | पाथिभरा केरियर प्रा.लि. | १,८०,८०,०००/- भ्याट सहित |
| २ | AM/IR/04/08081 | ठूलो नेते नदीबाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री | 30,39,973.33 | पाथिभरा केरियर प्रा.लि. | ४५,२०,०००/- भ्याट सहित |

उपर्युक्त बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार टाङटिङ्ग खोला र सुखानी खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलनका लागि कुनै पनि बोलपत्र प्रस्ताव पेश नभएको हुँदा टाङ्टिङ खोलाको वडा नं १ र २ पर्ने भाग र सुखानी खोलाको एउटा प्याकेज र टाङटिङ खोलाको वडा नं ४ र ५ मा पर्ने भागलाई अर्को प्याकेज बनाई २ प्याकेज गरी पुनः बोलपत्र आह्वान गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।उक्त नदीजन्य पदार्थको विक्री ठेक्काका लागि पटक पटक सूचना आह्वान गर्दा समेत प्रस्ताव पेश नभएको, सो कार्यका लागि विगत लामो समयदेखि कार्यालयबाट कर्मचारी तथा स्वयम्सेवक खटाइएको र तत्काल ठेक्का बन्दोवस्त हुनुपर्ने अत्यावश्यक ठेक्का भएको हुँदा ७ दिनको म्याद दिई बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

२. **दर्ता नविकरण नभएका फर्महरुको नविकरण सम्बन्धमा ।**

यस नगरपालिकाको चौधो नगर सभाबाट पारित भएको नीति अनुसार साविकमा कानुन बमोजिम दर्ता भएका घ वर्गका निर्माण व्यवसायी इजाजतपत्र लिएका तर कोभिड १९ लगायत विभिन्न कारणले नविकरण हुन नसकेका घ वर्गका निर्माण व्यवसायीहरुको इजाजपत्र नविकरणका लागि एक पटकका लागि इजाजपत्र नविकरण गर्न आवश्यक व्यवस्था मिलाउने नीति बमोजिम नविकरण गर्न छुट भएका फर्महरुका लागि निवेदन आह्वान गरी सूचना प्रकाशन गर्ने र उक्त सूचना बमोजिम निवेदन दिने फर्महरुको हकमा अन्य प्रचलित कानून बमोजिम योग्यता पुगेको (कर चुक्ता प्रमाणपत्र भएको, कालोसूचीमा नपरेको, नियमित लेखापरीक्षण भएको ) खण्डमा प्रचलित प्रत्येक वर्षको नविकरण दस्तुरको दोब्बर दस्तुर लिई एक पटकका लागि इजाजतपत्र नविकरण गर्ने निर्णय गरियो ।

३. **बजेट विनियोजन सम्बन्धमा ।**

(१) अर्जुनधारा नगरपालिका वडा नं ९ धिमाल गाउँमा प्लम्ब वाल निर्माणका लागि विगत वर्षहरुबाट स्थानीय वासीहरुबाट माग निवेदन प्राप्त भएकोमा उक्त स्थानमा प्लम्ब वाल निर्माण गर्नु अति आवश्यक देखिएको हुँदा नगरपालिकाको जहाँ अभर त्यहाँ नगर शीर्षकबाट रु १० लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं ७ मा रहेका अति विपन्न ५० घर परिवार विगत देखि स्वच्छ खानेपानीको पहुँचमा नरहेको र निजहरुको घरमा खानेपानी लाइन जडानका लागि प्रति परिवार रु १० हजार का दरले रु ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

(३) भद्रपुर झापा गोल्डकपको आयोजनामा मेची रङ्गशाला भद्रपुरमा सञ्चालन हुने अन्तर्पालिका लिगकम नकआउट फुटबल प्रतियोगितामा यस अर्जुनधारा नगरपालिकाको सहभागिताका लागि नगरपालिकाको खेलकुद शीर्षकबाट रु २ लाख ५० हजार तथा प्रति खेल खर्च रु २८ हजार उपलब्ध गराउने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका वडा नं ४ स्थित झोलुङ्गे पुल दक्षिण तटबन्धनका लागि राष्ट्रपति चुरे मधेश तराई संरक्षण विकास समिति र वृहत जलाधार व्यवस्थापन केन्द्र कोशी गाइघाटसँग लागत साझेदारीमा तटबन्धन गर्नका लागि लागत अनुमान बमोजिम विभिन्न साइजका १७५० थान (3x1.5x0.40 1000 pc , 3x1.5x0.30 500pc, 3x1x0.30 250 pc) तारजालीका लागि आवश्यक पर्ने रकम नगरपालिकाको समपुरक कोष/जहाँ अभर त्यहाँ नगरबाट विनियोजन गर्ने निर्णय गरियो ।

(५) अर्जुनधारा नगरपालिका वडा नं ७ सुमन तामाङ्गको घर पूर्व प्लम्ब निर्माणका लागि नगरपालिकाको जहाँ अभर त्यहाँ अभर शीर्षकबाट रु ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको संयोग निर्माण सेवालाई अर्जुनधारा नगरपालिकामा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७५ बमोजिम इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।